# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः४) पञ्चकन्या, चैत्र महिना २९ गते, २०७७ साल (संख्याः ४**

**भाग–२**

## लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्याविधि, २०७७

**प्रस्तावना :**

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवार भित्र, घर परिवार संग गाँसिएर वा घर परिवार बाहिर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न लैंगिक हिंसा र घरेलु हिंसाबाट पीडित प्रभावित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा आर्थिक व्यवस्था गर्नु आवश्यक भएकोले पञ्चकन्या गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी पञ्चकन्या गाउँपालिकाले मिति २०७७/०१२/२७ मा यो कार्यविधि निर्माण गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि" ,२०७७ रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "कार्यलय" भन्नाले पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय सम्झनु पर्छ ।
ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्छ ।
ग) "पीडित" भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ । सो शव्दले घरेलु हिंसाबाट पीडित र प्रभावितलाई समेत जनाउँछ ।
घ) "मन्त्रालय" भन्नाले महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।
ङ) "संचालक समिति" भन्नाले नियम ६ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।
च)"लैंगिक हिंसा" भन्नाले कार्यस्थल वा सार्वजनिक स्थलमा हुने यौनजन्य दुर्व्येवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनुपर्छ । सो शब्दले घरेलु हिंसा समेतलाई जनाउँछ ।

**३.कोषको स्थापना :**

(१)लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरीएको छ ।
(२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछ :-
क) पञ्चकन्या गाउँपालिकाबाट प्राप्त रकम,
ख)विभिन्न संघ सस्था तथा व्यक्तिहरुबाट प्राप्त रकम,
ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।
(३) उपनियम (१) बमोजिम रकम बैंकमा छुटै खाता खोली जम्मा गर्नुपर्छ ।
(४) कोषको खाताको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :**

महिला हक हितको संरक्षणका लागी गाउँपालिकाले वार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकम नघटाइ कोषमा जम्मा गर्नुपर्छ ।

**५. कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागी पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।
(क) तत्काल उद्धार गर्न ,
(ख) औषधि उपचार गर्न,
(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,
(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,
(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि)को रुपमा प्रदान,
(च) पुनर्स्थापना गराउन,
(च) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।
(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संचालक समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैंगिक हिंसाबाट प्रभावित भइ लागु पदार्थको दुर्व्येसनमा फसेका वा मानसीक रोगी भइ सडकमाा आएका व्यक्तिहरुलाइ प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सक्नेछ ।

**(६) कोषको रकम अन्य काममा उपयोग गर्न सकिने :**

(१) कोषको रकम नियम ५ मा लेखिए वाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।
(२) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि संचालन समितिको वैठक संचालन गर्न लाग्ने खर्चको लागी कोषको रकम उपयोग गर्न सकिनेछ ।

**(७) कार्यलयलाइ रकम उपलब्ध गराउने :**

पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागी सञ्चालक समितिको कोषबाट कार्यलयको नाममा रकम निकाशा दिइनेछ ।

**(८) राहत तथा आर्थिक समितिको गठन :**

(१) पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक राहत समिति रहनेछ।
(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष : | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत : | सदस्य |
| (घ) सामाजिक विकास समिति संयोजक : | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख : | सदस्य |
| (च) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख : | सदस्य |
| (छ) इलाका प्रहरी कार्यलय अधिकृत /प्रतिनिधि : | सदस्य |
| (ज) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ सस्थाहरुबबाट संयोजकले मनोनित गरेको एक जना : | सदस्य |
| (झ) महिला बालबालिका तथा सामाजिक विकास शाखा प्रमुख : | सदस्य सचिव |

**९. राहत समितिको काम,कर्तव्य र अधिकार :** राहत समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने ,

(ग) जिल्लास्तरमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने

(घ) लैंगिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हक र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नु भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन एक हजार रुपैयाँको दरले बढीमा पाँच हजार रुपैया,

(ख) पीडितलाई अस्पालतमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम , खाना खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ , अस्पतालमा वस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढी मा तीन दिनको बास खर्च वापत प्रति दिन एक हजार रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैया,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मानसिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यलयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रकम नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल वाहिर रहे बसेको पीडितलाई राहत समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यलयमा निवेदन दिनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले नियम ८ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गरानेछ ।

**१२.तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षती हुने देखिएमा सञ्चालन समितिको तत्काल बैठक बस्ने अबस्था नरहेमा समितिको अध्यक्षले आबश्यकता र औचित्यका आधारमा सो प्रयोजनको लागि मनासिव रकम कोष बाट पीडितलाई उपलब्ध गराउन सक्ने छ ।

(२)उपदफा (१) वमोजिम को अवस्था परी राहत समितिको अध्यक्ष बाट पीडितलाई उपलब्ध गराएकोमा त्यसरी रकम उपलब्ध गराएपछि बस्ने राहत समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :** (१) राहत समितिलाई कार्यलयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यलयले सो को कारण खुलाई गाउँ कार्यपालिका सँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले आबश्यकता र औचित्य हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

**१४.छुटै खाता खोल्नु पर्ने :** (१) लैंगिक हिंसा निवारण कोषमा  प्राप्त भएको रकम कुनै बैंकमा छुटै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खाताको सञ्चालन गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट  हुनेछ ।

**१५. कोषको लेखा र लेखा परिक्षण :** (१)कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षक बाट हुनेछ ।

**१६.आवर्ति (रिभल्भीङ)कोष :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१७. प्रतिवेदन पेश गर्ने :** (१) राहत समितिले प्रत्येक ६ महिनामा सो समितिबाट भए गरेका काम कारवाहिको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) राहत समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरीमा भए गरेका काम कारवाहिको प्रतिवेदन मन्त्रालय समेत पेश गर्नु पर्नेछ ।

**१८.बैठक भत्ताः** राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको वैठकमा भाग लिए वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन्।

**१९.निर्देशन दिन सक्ने :** (१) कार्यपालिकाले राहत समितिको काम कारवाही को सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**२०. समन्वय गर्ने :** स्थानीय तत्काल उद्धार तथा राहत समितिले मन्त्रालय, केन्द्रित तथन प्रदेश तत्काल उद्धार तथा राहत समिति सँग आवश्यक समयमा समन्वयात्मक ढंगले काम गर्नेछ ।

**२१. यस कार्यविधिको व्याख्या र आवश्कता अनुसार संशोधन गर्ने अधिकार समेत गाउँ कार्यपालिकालाई हुनेछ ।**

## अनुसुची

**(दफा ११ को उपदफा १ सँग सम्बन्धित )**

**मिति :**

**श्री** अध्यक्ष ज्यु,
स्थानिय तत्काल उद्धार तथा राहत समिति,
पञ्चकन्या गाउँपालिका,लाकुरीभन्ज्याङ, नुवाकोट ।

विषय : सहयोग उपलब्ध गराई पाँउ ।

म ............................. मा बस्ने बर्ष ..........को ...............मिति .....................मा लैंगिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै नै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा ( .......................................) भएको कारणले मेरो मानसिक/शारिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानुनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्परोजगार/पुनर्स्थापना/अन्य...........कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानिय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गर्दछु ।

**निवेदकको नाम**

**नाम थर**
**ठेगाना**
**दस्तखत**
**मिति**

**आज्ञाले**
**नरेश पुडासैनी**
**प्रमुख प्रशासकीय अधिकृत**